नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

## सरकार गठन भए पश्चात

## हुलाकबाट हालसम्म (मिति २०८३/०३/१९) सम्पादन भएको प्रगति

सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी "Government Courier Service" का रूपमा विकास गर्न पासपोर्ट, नागरिकता प्रतिलिपि, लाइसेन्स लगायतका सरकारी कागजातहरू/सामाग्रीहरू घरमै पुऱ्याउने व्यवस्थाका लागि सरकारका शासकीय सुधारको प्रगति देहाय बमोजिम भएको छ।

१ राहदानी ढुवानी एवं वितरण

- २०७८३४ थान राहदानी जिल्ला प्रशासन कार्यालयहरुमा ढुवानी गरिएकोमा सम्बन्धित ७५ जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुसँग सम्झौता भई ७५ जिल्लाका ६२९३ थान राहदानी घरदैलोमा वितरण गरिएको । (हुम्ला र भोजपुर जिल्लामा छलफलको चरणमा रहेको जानकारी आएको)
- राहदानी, चिठ्ठीपत्र लगायतको सामाग्रीहरु हुलाक मार्फत सबै जिल्ला प्रशासन कार्यालयमा पुर्याउन राहदानी विभागका पदाधिकारीहरु र हुलाक सेवा विभागका पदाधिकारीहरुबीच मिति २०८३/०३/१९ गते सम्झौता पत्रमा हस्ताक्षर भएको।

२ सवारी चालक अनुमति पत्र ढुवानी एवं वितरण

- यातायात व्यवस्था विभाग मार्फत उपलब्ध भएको ८०८०४४ थान सवारी चालक अनुमतिपत्र गोश्वारा हुलाक कार्यालयमार्फत सातैं प्रदेशका मातहतका यातायात व्यवस्था कार्यालयमा ढुवानी गरिएको।
- १०९३ थान सवारी चालक अनुमति पत्र कास्की, मोरङ्ग, बाँके, पर्सा, सुनसरी, कालिकोट, बझाङ्ग लगायतका जिल्लाहरुमा पूर्ववत सम्झौता बमोजिम सेवाग्राहीहरुको घरदैलोमा पुर्याइएको। अन्य कार्यालयहरुमा घरदैलोमा पुर्याउने विषयमा सहजीकरण भैरहेको।

३ डाँक रेखा पुनरावलोकन

- हुलाक सेवालाई अझ प्रभावकारी बनाउदै सेवाको लागत र समय घटाउन डाँकरेखा पुनरावलोकन गरी मिति २०८३/०१/३१ गते समितीको बैठकबाट स्वीकृत गरी लागू गरिएको।

४ पोष्टल कोड स्तरोन्नती

- कार्ययोजना मुताविक मिति २०८२/०१/२१ मा POSTAL कोडलाई ७ डिजिटमा रुपान्तरण गरी Postal Internal Tracking System (PITS) मा स्तरोन्नती गरिएको र अद्यावधिक विवरण UPU मा पठाइएको। (हुलाकको System मै उपलब्ध छ)

५ शैक्षिक प्रमाणपत्र ढुवानी एवं वितरण

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

- नेपाल खुल्ला विश्विद्यालयसँग विद्यार्थीको प्रमाणपत्र लगायतका कागजात घर दैलो सम्म पुऱ्याउने सम्बन्धमा हुलाक सेवा विभाग र नेपाल खुल्ला विश्व विद्यालयबीच मिति २०८३/०३/०८ गते सम्झौता गरी कार्यान्वयनमा आएको।
- त्रिभुवन विश्वविद्यालयसँग शैक्षिक प्रमाणपत्र ढुवानी सम्बन्धमा सम्झौता गर्ने छलफल चलिरहेको अवस्थामा हाल पदाधिकारी नहुँदा यसले अन्तिमरुप लिन नसकेको भएतापनि २६३ वटा शैक्षिक प्रमाणपत्र ढुवानी गर्ने कार्य आरम्भ भइसकेको ।

६ प्रयोगशाला नमुना ढुवानी एवं वितरण

- राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँग पुरक सम्झौता गरी १७ वटा अस्पतालबाट १२३८ थान प्रयोगशालाका नमूना ढुवानी (लाने र ल्याउने) गरिएको।

७ स्वास्थ्य शिक्षा तथा सूचना केन्द्रका सामाग्री ढुवानी

- राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्र र हुलाक सेवा विभागविच मिति २०८३/०२/०१ गते सम्झौता गरी सोको आधारमा डाँक ढुवानी कार्य निरन्तर भइरहेको।
- ४६८६ के.जी. स्वास्थ्य शिक्षा सम्बन्धी सामाग्री ७० जिल्लाका जिल्ला र पालिका स्वास्थ्य कार्यालयहरुमा ढुवानी गरिएको।

८ स्वास्थ्य बीमा बोर्डको सामाग्री ढुवानी

- स्वास्थ्य बिमा बोर्डको सामाग्री ढुवानी सम्बन्धमा नेपाल सरकार स्वास्थ्य बिमा बोर्ड र हुलाक सेवा विभाग बिच मिति २०८३/२/१८ गते सम्झौता भई मिति २०८३/२/१९ गते बाट स्वास्थ सामाग्री ढुवानी कार्य निरन्तर भइरहेको।
- २४२० के.जी. सामाग्री २८ जिल्लाका स्वास्थ्य बिमा बोर्डका कार्यालयहरुमा ढुवानी गरिएको।

९ हुलाक सेवा विभागको समन्वय एवं सहजीकरणमा बैदेशिक हुलाक भन्सार कार्यालय र राष्ट्रिय बाणिज्य बैंकको काउण्टर हुलाक खुलेका दिनमा समेत खुल्ने व्यवस्था मिलाइएको। साथै त्रिभुवन अन्तराष्ट्रिय विमान स्थलमा बैदेशिक हुलाक बस्तु ढुवानीलाई सरलीकरण गर्न द्रुतमार्ग प्रयोगमा ल्याइएको ।

१० Airlines हरुसँग पूरक सम्झौता

- हुलाक वस्तु ढुवानीलाई सहज र सरल बनाउन र सरकारको Government Courier Service को अवधारणालाई कार्यन्वयन गर्न यति एअरलाइन्स लगायत विभिन्न Airlines सँग पुन सम्झौता गरिएको
- Leg 2 मा सहजीकरण तथा थप नयाँ अन्तराष्ट्रिय गन्तव्यको लागि कतार Airlines सँग मिति २०८३/०३/१५ मा थप सम्झौता गर्नको लागि छलफल गरिएको।

११ नेपाल टेलिकमसँग सिमकार्ड लगायतका सामाग्री ढुवानी सम्बन्धमा सम्झौता

- नेपाल टेलिकमबाट वितरण गरिने सिम लगायतको सामाग्री हुलाक मार्फत ढुवानी गर्ने सम्बन्धमा हुलाक सेवाका पदाधिकारीहरु र नेपाल टेलिकमका पदाधिकारीहरु बिच मिति २०८३/०३/१८ गते सम्झौता भएको।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

१२ नेपाल हुलाकले प्रवाह गर्ने सेवालाई अझ प्रभावकारी र प्रविधिमा आधारित बनाउन सदस्य राष्ट्रको हैसियतले Universal Postal Union (UPU) को Convention Manual 2025 अनुसार हुलाक सेवाको क्याटोगोरी Letter Post Compendium र Parcel Post Compendium अद्यावधिक गर्ने पहिलो चरणको काम पुरा भई दोस्रो चरणको कार्य प्रारम्भ गरिएको।

१३ Postal Internal Tracking System (PITS) लाई Upgrade गरी राहदानी विभाग र हुलाकको प्रणाली Integration गर्न सूचना तथा सञ्चार मन्त्रालय, DoIT, General Post Office (GPO), राहदानी विभाग र परराष्ट्र मन्त्रालयबीच छलफल भई अध्ययन टोलीले प्रतिवेदन पेस गरेको । साथै नेपाली बैज्ञानिक राम लक्ष्मणले ठेगाना प्रणालीलाई व्यवस्थित गर्न हुलाक प्रणालीलाई सहयोग गर्ने खालको प्रणाली विकास गरी निःशुल्क रुपमा उपलब्ध गराउन प्रस्ताव पेस गरेकोमा उक्त प्रस्तावको अध्ययन गरी मन्त्रालयमा पेस गरिएको।

१४ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसँग हुलाकमा सञ्चालनमा रहेका प्रविधिहरुलाई आधुनिकिकरण गर्ने विषयमा छलफल भई Technical Team ले GAP Analysis गरी तयार गरेको प्रतिवेदन मन्त्रालय मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको।

१५ मिति २०८३/०३/१९ गते सम्म हुलाकबाट १,९८,३०७ थान पार्सल, चिठ्ठी पत्र र EMS ढुवानी गरिएको।

१६ नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा हुलाक कार्यालयहरुलाई क्रमशः स्मार्ट हुलाकका रुपमा रुपान्तरण गर्ने नीति अनुसार मिति २०८२/०८/१२ गते मन्त्रालयबाट स्मार्ट हुलाक छनोट आधार र मापदण्ड स्वीकृत भए बमोजिम देश भरिका हुलाक कार्यालयहरुसँग समन्वय गरी प्राप्त विवरण अनुसार मिति २०८३/०३/०५ गते ५० वटा हुलाक कार्यालयहरुलाई सूचना प्रविधिमा आधारित स्मार्ट हुलाक बनाउन कार्यालय छनोट गरिएको।

१७ स्वास्थ्य सेवा विभागसँग स्वास्थ्य सम्बन्धी औषधिजन्य सामाग्री ढुवानीको लागि मिति २०८३/०३/०८ गते सम्झौताको मस्यौदामा प्रारम्भिक चरणको छलफल गरी सम्झौताको लागि मस्यौदा सेयर गरिएको।

१८ गैरकर राजश्वमा योगदान पुर्‍याउन एवं सेवा प्रवाहलाई सहजीकरण गर्न देशको आफ्नै सुरक्षण मुद्रण केन्द्रसँग सम्झौता गरी ३४ लाख ७४ हजार थान हुलाक टिकट छपाई गरिएको। थप हुलाक टिकट छपाईका लागि Design स्वीकृत गरी सुरक्षण मुद्रण केन्द्रलाई अनुरोध गरिएको।

१९ यसका अलावा हुलाकको सेवा प्रयोग गर्ने सम्बन्धमा निकायगत एवं तहगत समन्वयलाई बढाईएको छ साथै प्रदेशस्तर र स्थानीय तहहरुसँगको समन्वयमा EMS, पार्सल र लेटरलगायतको विषयमा अन्तरक्रिया एवं नागरिकहरुमा जनचेतना जागरण गराउने कार्य गरिएको छ। यसरी प्रदेश, जिल्ला र स्थानीय तहहरुसँग हुलाक सेवा विभागले कार्यक्रम सम्पन्न गरेको छ।

२० Government courier service मार्फत हुलाक सेवालाई प्रभावकारी बनाउन सरकारी, गैरसरकारी एवं निजी क्षेत्र समेतका सरोकारवालाको सहभागितामा हुलाक सेवाको आधुनिकीकरण सम्बन्धी उच्चस्तरीय संवाद कार्यक्रम मिति २०८३/०३/१६ मा सम्पन्न भएको छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

२१ आगामी आर्थिक वर्षको लागि गरिएको तयारीः-

- डाँक ढुवानीलाई सहज बनाउन डाँक ढुवानी सवारी साधन खरिद गर्ने व्यवस्था मिलाइएको।
- अन्तराष्ट्रिय ढुवानी प्रणालीलाई व्यवस्थित गर्न Airlines हरुलाई तिर्नुपर्ने रकम व्यवस्थापन गर्न बजेट विनियोजन गरिएको।
- Terminal Due व्यवस्थित गर्न बजेट व्यवस्थापन गरिएको।
- निकायगत तथा तहगत समन्वयको लागि कार्यक्रम व्यवस्थित गर्न बजेट विनियोजन गरिएको।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं